

# अध्याय -२

# परमेश्वरले हामीलाई सुम्पिनुभएको उहाँको मिसन वा लक्ष्यः भाग २

यस अध्यायका मूल पदहरूः यूहन्ना २०:२१,२२; मत्ती २८:१६-२०; प्रकाश १४:६,७; व्यवस्था ७:६, ११, १२ र प्रकाश ७:९,१०।

<u>यस अध्यायको मूल सार पदः</u> *"यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ।" मत्ती २८:१९।*

हाम्रो परमेश्वर लक्ष्यप्रेरित परमेश्वर हुनुहुन्छ भन्ने विषय बाइबलभरि फैलिएको छ। मानव इतिहासलाई जोड्ने धागो नै यो विषय हो, र यसले आफ्नो सृष्टिको कामको लक्ष्य के हो सो परमेश्वरले खुलासा गर्नुभएको छ। अझ यस विषयमा मानिस सृष्टि गर्नु ईश्वरीय लक्ष्य के हो सो समावेश भएको छ, त्यो हो उहाँका पतित मानवीय सन्तानमा उहाँको स्वरुप पुनर्स्थापना गर्नु (कलस्सी ३:९,१०; १ यूहन्ना ३:२)।

हामीलाई दिएको परमेश्वरको वचनमा परमेश्वरको लक्ष्य के हो, त्यसको पृष्ठभूमि के हो सो हामीलाई देखाउँछ र बुझाउन प्रयास गर्दछ। जब हामी बाइबल अध्ययन गर्छौं, तब हामी त्यस परमेश्वरको बारेमा परिचय गराउँछ जो जानाजानी हामीसँग मिल्न हात बढाइरहनुभएको छ। पापले गर्दा परमेश्वरसँग सम्बन्ध विच्छेद भएतपनि (यशैया ५९:२)

**मानव प्राणीसँग** टुटिएको सम्बन्धको पुनर्स्थापना गर्ने परमेश्वरको लक्ष्य हो जुन निरन्तररूपमा चलिरहन्छ जबसम्म सबै थोकहरू नयाँ हुने महिमामय क्षण आउँदैन (प्रकाश २१:५)।

फेरि त्यसैसमय, परमेश्वरले हाम्रो समक्ष आफूलाई प्रकट गर्न यस्तो उपाय रच्नुभएको थियो कि उहाँको स्वभाव र उहाँको लक्ष्यलाई हामी बुझ्न सकौं। अझ सर्वोपरीरूपमा भन्नुपर्दा उहाँसँगको सम्बन्ध वास्तविक, अर्थपूर्ण र निरन्तर भएको उहाँ चाहनुभएको कुरालाई हामीले ध्यान दिनु जरुरी छ। अर्को शब्दहरूमा भन्ने हो भने, उहाँलाई हामी चिन्न सक्नेमात्र होइन, उहाँका मुक्ति दिने प्रेम र उहाँसँगको हाम्रो सम्बन्धको अनुभव अरूहरूलाई पनि बाँड्न सक्षम् उहाँले हामीलाई बनाउनुहुन्छ।

***त्यसको अर्थ, परमेश्वरको लक्ष्य वा मिसनका आधारभूत तत्वहरू परमेश्वरले हामीलाई बाइबलमा प्रस्तुत गर्नुभएको छ।***

## १. त्रीएक परमेश्वरः मिसन वा लक्ष्यको उत्पत्ति

बाइबलमा प्रस्तुत गरिएको अनुसार परमेश्वरको लक्ष्यको अग्रज स्थान र केन्द्रविन्दुमा येशू ख्रीष्ट हुनुहुन्छ जो मुक्तिको निम्ति एउटै बाटो हुनुहुन्छ। ख्रीष्ट आफैले यो घोषणा गर्नुभएको थियोः "बाटो, सत्य, र जीवन मै हुँ। मद्वारा बाहेक कोही पनि परमेश्वर पिताकहाँ आउन सक्दैन।" यूहन्ना १४:६। तर त्रीएक परमेश्वरको लक्ष्यको केन्द्रविन्दुलाई येशूले नै बुझाउन हामीलाई सहयोग गर्नुहुन्छ।

येशूले जे गर्नुभयो र प्रत्येक कदम जुन उहाँले चाल्नुभयो त्यो उहाँको स्वर्गको पिताको निम्ति वा उहाँबाट भएको थियो (यूहन्ना ४:३४; यूहन्ना ५:३०; यूहन्ना १२:४५)। यद्यपि, हामीले यो बिर्सनुहुन्न कि येशूको मिसन उहाँ संसारमा आउनुहुँदा सुरु भएको थिएन। हाम्रो पृथ्वी सृष्टि गर्नुभन्दा अघि नै यो मिसन परमेश्वर पिताबाट येशूले पाउनुभएको थियो (एफिसी १:४, १ पत्रुस १:२०)।

त्यसकारण, हाम्रो पृथ्वी ग्रहको जग बसालिनुभन्दा अघि नै मानव प्राणीकहाँ पुग्ने योजना परमेश्वरले गर्नुभएको थियो। अनि उहाँले जानाजानी मानव इतिहासमा प्रवेश गर्नुभयो ताकि उहाँको लक्ष्य पूरा होस्।

पुत्रले यस पृथ्वीलाई सृष्टि गर्नुभएको थियो (यूहन्ना १:३) र समय पूरा भएपछि (गलाती ४:४) परमेश्वरले आफ्नो पुत्र पठाउनुभएर उहाँको प्रेम

प्रकट गर्नुभएको थियो (यूहन्ना ३:१६,१७)। पुत्र आउनुभयो र क्रूसमा मर्नुभयो, र मृत्युलाई जित्नुभयो। अनि पिताले पठाउनुभएकोले पवित्र आत्मा यस संसारमा आउनुभयो (यूहन्ना १६:८-११), र आज परमेश्वरले आफ्ना जनहरूलाई सशक्त बनाउँदै उहाँको लक्ष्य पूरा गर्न (यूहन्ना १४:२६; यूहन्ना १६:१३,१४) पिता र पुत्रको लक्ष्य पूरा गर्न संसारभरि खटाउनुभएको छ।

**सुसमाचार सुनाउने मिसन वा लक्ष्यको सुरुवात पिता, पुत्र र पवित्र आत्मा छ भनेर हामीले यूहन्ना २०:२१,२२मा कसरी पाउँछौं? हाम्रो लक्ष्यलाई त्यसले कसरी आकार दिन लगाउनुपर्छ? हेर्नुहोस्, "२१ तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।" २२ अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ। " यूहन्ना२०:२१-२२।**

"त्रीएक" भन्ने शब्द बाइबलमा नभेट्टाएतापनि परमेश्वरले आफ्नो लक्ष्य वा मिसनलाई परिचालन गर्न तीनै परमेश्वर संलग्न हुनुभएको थियो भनेर बाइबलमा प्रसस्त प्रमाणहरू पाइन्छ। उदाहरणमा, जब पुनरुत्थान हुनुभएपछि आफ्ना चेलाहरूकहाँ देखा पर्दै उहाँले यो प्रतिज्ञा दिनुभएको थियो: "हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो।" लूका २४:४९। यहाँ त्रीएक परमेश्वरको मिसन वा लक्ष्यको बास्तविकता केवल एउटा वाक्यले प्रकट गरेको पाउँछौं: परमेश्वर पिताको प्रतिज्ञा, त्यो प्रतिज्ञा पूरा हुने पुत्रको पक्कापक्की, र पवित्र आत्मा आउनुहुने प्रतिज्ञा (लूका ३:१६; प्रेरित १:४,५,८ पनि हेर्नुहोस्)।

जुन लक्ष्य लिएर हामी अघि बढिरहेका छौं वा सुमाचार सुनाउने अभिभारा हामीले बोकेका छौं, त्यो हाम्रो नै होइन भनेर त्यसबाट हामी सिक्न सक्छौ । त्यो त त्रीएक परमेश्वरको पो रहेछ। त्यसले गर्दा त्यो लक्ष्य असफल हुनेछैन।

***सारा मानव प्राणीले मुक्ति पाउन् र तिनीरहरू परमेश्वरको स्वरूपमा पुनर्स्थापित होस् भन्ने कार्यमा पिता, पुत्र र पवित्र आत्मा संलग्न हुनुभएको छ। यो सोच हाम्रो निम्ति किन सान्त्वनापूर्ण छ?***

## २. चेला वा येशूभक्तहरू बनाउनेः मिसन वा लक्ष्यको केन्द्रविन्दु

**मत्ती २८:१६-२०मा चेलापनका के तत्वहरूलाई तपाईंले पहिचान गर्न सक्नुहुन्छ? हेर्नुहोस्, "१६ ती एघारै जना चेलाहरू गालीलको त्यस डाँड़ामा गए, जहाँ येशूले तिनीहरूलाई जाने आदेश दिनुभएको थियो। १७ तिनीहरूले उहाँलाई देखेर दण्डवत् गरे, तर कतिले चाहिँ शङ्का गरे। १८ तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। १९ यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, २० मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।" मत्ती २८:१६-२०।**

येशूका शिक्षित चेलाहरू वा बाइबलीय ज्ञान भएका चेलाहरूलाई मत्ती २८:१६-२०मा आदेश दिनुभएको छ। त्यसलाई महान् आदेश भन्ने नाउँले प्रचलित छ (मत्ती २८:१८-२०)। उहाँका चेलाहरूलाई अघि बढेर उहाँका चेला वा भक्तहरू बनाउन उहाँले निर्देशन दिनुभएको थियो। त्यस निर्देशनमा येशूका नव विश्वासीहरूलाई विश्वासको बारेमा सिकाउने र सङ्गतिमा भित्राउनु पर्ने समावेश भएको छ (मर्कूस १६:१५,१६; लूका २४:४४-४९; यूहन्ना २०:२१-२३; प्रेरित १:८)।

मत्ती २८:१६-२०मा भएको आधारभूत तत्वहरूलाई चार सरल पक्षहरूमा देखिन्छः (१) येशूले उहाँका चेलाहरूलाई उहाँसँग रहन गालिलमा जान अऱ्हाउनुभएको थियो (मत्ती २८:१६,१७), (२) आफ्ना अधिकारिकता र सार्वभौमसत्ताको बारेमा घोषणा गर्दै तिनीहरूकहाँ येशू आउनुहुन्छ (मत्ती २८:१८), (३) येशूले तिनीहरूलाई निश्चित काम गर्न आदेश दिनुहुन्छ, त्यो हो चेलाहरू बनाउनु वा येशूका भक्तहरू बनाउनु र उहाँले सिकाउनुभएका वचन वा शिक्षालाई सिकाउनु (मत्ती २८:१९,२०), र अन्तमा (४) उहाँका चेलाहरूलाई युगको अन्तसम्म रहनुहुने प्रतिज्ञा उहाँले दिनुहुन्छ (मत्ती २८:२०)।

महान आदेशको प्राथमिक केन्द्रविन्दु नै चेला वा येशूभक्तहरू बनाउनु हो। प्रत्येक येशूको चेलाको मूख्य काम नै यो हो। मत्ती २८:१९को ग्रीक भाषा अनुसार "गएर चेलाहरू बनाऊ।" "त्यसकारण" भन्नुको अर्थ येशूले प्रस्तुत गर्नुभएको आदेशको जग हो (मत्ती २८:१८)। जब येशू पुनरुत्थान

हुनुभएर बिजय प्राप्त गर्नुभयो, तब शक्ति, अधिकार र सार्वभौमसत्ता उहाँको हुन गएको थियो।

"चेला बनाऊ" भन्ने क्रियापदले येशूको आदेशलाई जोड दिन्छ। यसलाई महत्त्वपूर्ण मान्नु पर्दछ।

सबैलाई सिकाउँदै, बप्तिस्मा दिँदै र सारा संसारलाई येशूको शिक्षादीक्षा बाँड्नु, चेला बनाउने स्वभाव र प्रक्रिया हो। यहाँ येशूले एउटा स्पष्ट निर्देशन चेलाहरूलाई दिनुभएको थियोः चेलाहरू वा येशूभक्तहरू बनाउनु। बाइबलमा भएका सबै अंशहरूमा यो मिसन वा लक्ष्य सबभन्दा महान् छ। आफ्ना भक्तहरूको साथमा निरन्तररूपमा रहने प्रतिज्ञाबाट त्यो आदेश अन्त भएकोछ।

निःसन्देह, त्यो महान आदेश केवल पहिला जम्मा भएका चेलाहरूलाईमात्र थिएन। तिनीहरू "सारा राष्ट्रहरूमा" जाने सम्भव थिएन। एघार जना चेलाहरू पृथ्वीका सबै देशहरूमा गएर प्रचार गर्ने र चेला बनाउने सम्भव थिएन। त्यसकारण, त्यो आदेश विश्वव्यापी होः येशूको प्रत्येक सत्य अनुयायी चेला बनाउने काममा संलग्न हुनुपर्दछ। येशू ख्रीष्टको सुसमाचार सारा संसारको निम्ति थियो। त्यो सन्देश दिन कुनै पनि भौगोलिक, सामाजिक र जातिय सिमाना हुनुहुँदैन।

***येशूको आदेश नै चेलाहरू बनाउनु र तिनीहरूलाई सिकाउनु हो। तपाईंको दैनिक जीवन र अरूहरूलाई सेवा गर्ने क्रियाकलापमा प्रभुको यो आदेशले कसरी प्रभाव पारिरहेको छ? तपाईंलाई बोलाउनुभएको काममा अझै संलग्न हुन तपाई के गर्न सक्नुहुन्छ?***

## ३. अनन्तको सुसमाचारः मिसन वा लक्ष्यको सन्देश

**तीन स्वर्गदूतहरूमध्ये पहिले स्वर्गदूतलेले दिएका "अनन्तको सुसमाचारमा" परमेश्वरको लक्ष्यका कुन भागहरू तपाईंले पहिचान गर्न सक्नुहुन्छ? हेर्नुहोस्, प्रकाश १४:६,७ "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका**

**इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" प्रकाश १४:६-७।**

"अनन्त"सँग "सुसमाचार" जोडिएका शब्दहरू बाइबलमा यहीँमात्र छ। सुसमाचार भन्नु नै अनुग्रहको असल खबर हो जुन येशू ख्रीष्टद्वारा उपलब्ध गराइएको छ। उहाँ यस संसारमा आउनुभयो ताकि उहाँले हामीलाई "अनुग्रह र सत्यलाई" देखाउन सकून् (यूहन्ना १:१४)। उहाँले पापरिहत जीवन बिताउनुभएको थियो र हाम्रा पापहरूको दण्ड हामीले बोक्नुपर्ने ठाउँमा उहाँले बोक्नुभएर क्रूसमा बलि हुनुभयो (यशैया ५३:४,५; १ पत्रुस ३:१८)। उहाँ फेरि जिएर बौरि उठ्नुभयो र स्वर्गमा फर्किनुभयो र पिताले उहाँलाई उच्च स्थानमा राख्नुभयो। आज उहाँले स्वर्गमा रहेको पवित्रस्थानमा रहनुभएर हाम्रो निम्ति पहल गरिरहनुभएको छ (प्रकाश १:१८, प्रेरित २:३३, हिब्रू ७:२५)। उहाँ राजकीय र महिमासाथ यस पृथ्वीमा फर्किने उहाँको महान् प्रतिज्ञा पूरा गर्न छिटो आउनुहुनेछ। अनि अन्तमा आएर सहस्र वर्षपछि यही पृथ्वीमा नै परमेश्वरको राज्य स्थापना गर्नुहुनेछ (यूहन्ना १४:१-४, प्रेरित १:११, प्रकाश २१:१-४)। ती सबै अनन्त सुसमाचारको महत्त्वपूर्ण वास्तविकता हुन्।

तैपनि, यो सन्देश अनन्त भएकोले यो अचम्मको छ। यस विश्वमा केवल एउटामात्र सुसमाचार छ जसले हामीलाई मुक्ति दिन सक्छ। जबसम्म परमेश्वरको लक्ष्य पूरा हुँदैन त्यो सुसमाचारले निरन्तरता पाइरहनेछ। येशूकेन्द्रित सुसमाचारबाहेक यस जगतमा अरू कुनै पनि सुसमाचार छैन। मानिसलाई धोखा दिने, छल गर्ने, फसाउने, लठ्ठ पार्ने शिक्षादीक्षा, सिद्धान्त, वाद र तर्कहरू आउँछन् र जान्छन् (एफिसी ४:१४), तर मुक्तिको सन्देश, अनन्तको सुसमाचार अपरिवर्तनीय छ, र जसले यसलाई विश्वास गर्छ र यसको आज्ञा अनुसार जिउँदछ उसले इनाम पाउनेछ (व्यवस्था ५:३३, रोमी २:६)।

जुन निर्देशन येशूले चेलाहरूलाई दिनुभयो त्यही निर्देशन आज हामीलाई पनि दिनुभएको छ। जताततै येशूका अनुयायीहरू बनाउने कामले हामीबाट निरन्तरता पाउनुपर्दछ। तर कस्तो खालको चेला वा अनुयायी त? असल, इमान्दार, पूरै भक्त, प्रेमिलो जनहरू? यी स्वभाव वा प्रवृत्तिहरू महत्त्वपूर्ण छ तर तिनीहरूमात्र भएर पुग्दैन। हामीले पनि अरूहरूलाई येशूतिर तान्नैपर्दछ। चेला बनाउने बाइबलका सबै तत्वहरूमा हामीले दृष्टिगत गर्नैपर्छ (लूका ९:२३; यूहन्ना १३:३४,३५; २ कोरन्थी ५:१७)। चेला वा येशूका

भक्तहरू बनाउने चरम लक्ष्य नै सबै मानिसहरूलाई हाम्रो स्वामी येशू ख्रीष्टको दोस्रो आगमनको निम्ति तयार पार्नु हो।

"जब न्यायको घोषणा गरिन्छ (प्रकाश १४:६,७) तब यसले येशूको दोस्रो आगमन नजिकै छ भनेर सूचित गर्दछ। र यो घोषणालाई अनन्तको सुसमाचार भनेर कहलाइएको छ। सुसमाचारको महत्त्वपूर्ण भाग नै येशूको दोस्रो आगमनको बारेमा प्रचार गर्नु, उहाँको आगमन नजिक छ घोषणा गर्नु हो।"-एलेन जी ह्वाइट, *क्राइस्टस् अबजेक्ट लेसनस्,* पृ. २२७, २२८।

***पहिलो स्वर्गदूतको सन्देशमा "अनन्तको सुसमाचारसँग" न्यायको अवधारणा कसरी गाँसिएको छ? न्यायको अवधारणाको मुटुमा सुसमाचार किन हुनैपर्छ?***

## ४. परमेश्वरका जनहरू: परमेश्वरको लक्ष्यका माध्यमहरू

संसारको इतिहासकालभरि थोरै भएतापनि परमेश्वरका विश्वासी जनहरू सधैं छन्। तिनीहरूले उहाँको चरित्रको प्रतिनिधित्व गर्छन्, उहाँका आज्ञाहरू पालन गर्छन् र उहाँका लक्ष्यहरू अनुसार चल्छन्। परमेश्वरका जनहरू ती हुन् जसलाई उहाँले बोलाउनुहुन्छ र उहाँको अनुग्रहमा सहभागी हुने आह्वानलाई स्वीकार्दछन्। ती सबै जना परमेश्वरको लक्ष्य पूरा गर्न निरन्तररूपमा उहाँका औजारहरू भइरहेका हुन्छन्।

**पुरानो करारमा परमेश्वरका जनहरूको सुरुको लक्ष्य के थियो? हेर्नुहोस्, "१ परमप्रभुले अब्रामलाई भन्नुभयो, "तिम्रो देश र तिम्रा कुटुम्ब तथा तिम्रा पिताका घरबाट निस्केर जुन देश म तिमीलाई देखाउँछु त्यहाँ जाऊ। २ "म तिमीबाट एउटा ठूलो जाति खड़ा गर्नेछु, र तिमीलाई आशिष् दिनेछु। म तिम्रो नाउँ प्रसिद्ध गराउनेछु, र तिमी आशिष्को मूल हुनेछौ। ३ तिमीलाई आशिष् दिनेहरूलाई म आशिष् दिनेछु, र तिमीलाई सराप दिनेहरूलाई सराप दिनेछु। तिमीद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।" उत्पत्ति १२:१-३ र "६ परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति तिमीहरू एक पवित्र जाति हौ। परमप्रभु तिमीहरूका परमेश्वरले पृथ्वीमा भएका सबै मानिसहरूमध्येबाट आफ्नो निम्ति एक विशेष जाति, एक अमूल्य सम्पत्ति बनाउन तिमीहरूलाई छान्नुभएको छ। ७ तिमीहरू संख्यामा अरू जातिहरूभन्दा धेरै भएकाले परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको वा छान्नुभएको होइन, किनकि तिमीहरू त**

संख्यामा सबै जातिहरूभन्दा कम थियौ। ८ तर परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको कारणले, र उहाँले तिमीहरूका पिता-पुर्खाहरूसित गर्नुभएको प्रतिज्ञा पूरा गर्नलाई नै तिमीहरूलाई परमप्रभुले आफ्नो बाहुबलद्वारा निकाली ल्याउनुभयो, र मिश्रका राजा फारोको हातबाट, दासत्वको देशबाट छुटकारा दिनुभयो। ९ यसकारण याद राख, परमप्रभु तिमीहरूका परमेश्‍वर मात्र परमेश्‍वर हुनुहुन्छ, एक विश्‍वासयोग्य परमेश्‍वर। उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञा पालन गर्ने हजारौं पुस्तामाथि उहाँले आफ्नो प्रेमको करार पूरा गर्नुहुन्छ, र दया देखाउनुहुन्छ। १० तर उहाँलाई तिरस्कार गर्नेहरूलाई उहाँले अवश्य नाश गर्नुहुनेछ, र उहाँलाई घृणा गर्ने विरुद्ध बदला लिन उहाँ विलम्ब गर्नुहुनेछैन। ११ यसकारण आज मैले तिमीहरूलाई दिएका आज्ञा, विधि र विधान होशियारीसाथ पालन गर।१२ तिमीहरूले यी विधिविधानहरू सुनेर पालन गर्‍यौ भने परमप्रभु तिमीहरूका परमेश्‍वरले तिमीहरूसँगको प्रेमको करार पूरा गर्नुहुनेछ, जस्तो उहाँले तिमीहरूका पिता-पुर्खासँग प्रतिज्ञा गर्नुभयो। १३ उहाँले तिमीहरूलाई प्रेम गर्नुहुनेछ, र तिमीहरूलाई आशिष् दिएर तिमीहरूलाई वृद्धि गर्नुहुनेछ। उहाँले तिमीहरूलाई दिन्छु भनेर तिमीहरूका पिता-पुर्खासित प्रतिज्ञा गर्नुभएको देशमा तिमीहरूका शरीरको फल, भूमिको फल– अन्न, नयाँ दाखमद्य, तेल– गाईबस्तुका बाछा-बाछीमा र भेड़ाबाख्राका पाठाहरूमाथि पनि उहाँले आशिष् दिनुहुनेछ। १४ तिमीहरू अरू मानिसहरूभन्दा ज्यादै आशीर्वादी हुनेछौ। तिमीहरूका पुरुष वा स्त्रीहरूमध्ये कोही पनि निस्सन्तान हुनेछैन न त पशुहरूमध्ये कुनै पनि बैला हुनेछ। १५ अनि परमप्रभुले तिमीहरूलाई सबै रोग-बिमारीबाट स्वतन्त्र राख्नुहुनेछ। तिमीहरूले मिश्रमा देखेका भयानक रोगहरू उहाँले तिमीहरूमाथि ल्याउनुहुनेछैन, तर तिमीहरूसँग वैरभाव राख्नेहरूमाथि ती ल्याउनुहुनेछ। १६ परमप्रभु तिमीहरूका परमेश्‍वरले तिमीहरूका हातमा दिनुहुने सबै जातिलाई तिमीहरूले नाश गर्नू, उनीहरूलाई नटिठ्याउनू। उनीहरूका देवताहरूको सेवा नगर्नू, किनभने त्यही नै तिमीहरूलाई फसाउने पासो हुनेछ।" व्यवस्था ७:६-१६।

अब्राहम र उनका सन्तानहरूसँग परमेश्‍वरले बाँध्नुभएको करारको निश्‍चित उदेश्य थियो। तिनीहरूलाई बोलाइएको थियो, सृष्टि गरिएको थियो र परमेश्‍वरको लक्ष्यका माध्यमहरू हुन आदेश दिइएको थियो। सारा राष्ट्रहरूको निम्ति तिनीहरू आशिषका माध्यमहरू हुन तिनीहरूलाई अलग गरिएको थियो (व्यवस्था २८:१०, यशैया ४९:६)। यद्यपि, तिनीहरू परमेश्‍वरसँगको

करारको सम्बन्ध भित्र रहने गरि चुनिएको थियो। तिनीहरू परमेश्वरमाथि आस्था र विश्वास राख्ने र उहाँका आज्ञाहरू पालन गर्नुपर्ने सर्तमा चुनिएको थियो (उत्पत्ति २२:१६-१८; प्रस्थान १९:५,६; व्यवस्था २८:१,२; २ इतिहास ७:१४)। इस्राएलका वरिपरिका देशका मानिसहरूलाई आकर्षित गर्ने प्रक्रिया नै पुरानो करारमा उल्लेख गरिएको परमेश्वरको "मिसन वा लक्ष्यको" रणनीति थियो।

परमेश्वरको लक्ष्य नयाँ करारमा पनि निरन्तरता पाएको छ। पुनरुत्थान हुनुभएको प्रभु र मुक्तिदाताले परमेश्वरको लक्ष्यको रणनीति पुनःसुरु गर्नुभएको थियो (मत्ती २८:१८-२०, प्रेरित १:८)। येशूका चेलाहरू जसलाई हामी चर्च पनि भन्दछौ सारा संसारमा सुसमाचार लिएर तिनीहरू जानुपर्छ। पौराणिक इस्राएलमा अरू देशका मानिसहरू इस्राएलमा आएर परमेश्वरको बारेमा ज्ञान सिक्नुपर्थ्यो भने अब चेला वा येशूभक्तहरू नै अरू देशमा जान अऱ्हाइएको थियो। सुसमाचार सुनाउने लक्ष्य चर्चबाट सुरु भएको होइन। बरू त्यसको बिपरित परमेश्वरको लक्ष्य पूरा गर्न चर्चको अस्तित्व खडा भएको थियो।

तैपनि प्रश्न त बाँकिनै छः चर्चको लक्ष्य के हो त? जसले चर्चको अस्तित्व हुन आह्वान गर्नुभयो उहाँकै लक्ष्य नै चर्चको लक्ष्य होः "मानिसको पुत्र हराएकाहरूलाई खोज्न र उद्धार गर्न आएको हो" (लूका १९:१०)। चर्चमा हुने हामीमध्ये कसैले पनि अरूलाई मुक्ति दिन सक्दैन, तर येशू ख्रीष्ट जसलेमात्र मुक्ति दिन सक्नुहुन्छ उहाँतिर सबैलाई औंल्याउनुपर्दछ।

"येशू ख्रीष्टको चर्चको लक्ष्य नै नाश भइरहेका पापीहरूलाई उद्धार गर्नु हो। परमेश्वरको प्रेम सबै मानव प्राणीलाई सुनाउन र तिनीहरूलाई ख्रीष्टमा ल्याउन नै चर्चको अस्तित्व खडा भएको हो। मानिसलाई मुक्ति दिन उहाँको प्रेम नै पर्याप्त छ भनेर सबैलाई महसुस गराउनुपर्दछ।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्, ठेली ३, पृ. ३८१। उहाँको प्रेमको सुसमाचार सुनाउनु अवसरमात्र होइन यो महान् जिम्मेवारी पनि हो।

***हामी बाँच्न हामीलाई हावा चाहिन्छ, त्यसरी नै चर्च बाँच्न सुसमाचार सुनाउने लक्ष्य आवश्यकता छ। हावा बिना हामी मर्छौं। लक्ष्य बिना चर्च पनि मर्दछ। तपाईंको चर्चको जीवन थामी राख्न तपाईंले व्यक्तिगतरूपमा के गर्न सक्नुहुन्छ?***

## ५. विश्वः मिसन वा लक्ष्यको रङ्गशाला

**प्रकाश ७:९,१०ले परमेश्वरको मिसन वा लक्ष्यको भौगोलिक सिमाना छैन भनेर कसरी बताउँछ? हेर्नुहोस्, "९ यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। १० तिनीहरू उच्च सोरले कराए: "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।" प्रकाश ७:९-१०।**

यस अध्यायमा हामीले जानाजानी लक्ष्य वा मिसनको विषयमा दुई निर्णायक पदहरूमा छलफल गर्‍यौं। यसमा चेला हुनुभनेको केमा केन्द्रित भएको छ भनेर हामीले हेर्‍यौं। महान आदेश कहाँबाट सुरु भयो र अनन्त सुसमाचारको सन्देश हामीले सिक्यौं। दुवै पदमा हाम्रो लक्ष्य कहाँ छ त भनेर हामीले हेर्‍यौं। हामी पढ्छौंः "त्यसकारण, सारा संसारमा जाऊ र सारा देशहरूका मानिसहरूलाई चेला बनाउ" (मत्ती २८:१९) भनेर येशूले भन्नुभएको थियो। "पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर" भनेर स्वर्गदूतलाई भनिएको थियो (प्रकाश १४:६)।

अर्को बोलीमा भन्नुपर्दा, संसारमा भएका सबै वर्ग, सबै राष्ट्रहरू, सबै भाषा र सबै मानिसहरूकहाँ ख्रीष्टको सुसमाचार पुर्‍याउनुपर्दछ। सुसमाचारको प्रभावले संसारका मुक्ति पाएका सबै मानिसहरू दाजुभाइदिदीबहिनीहरू हुन् भनेर एकताको सूत्रमा बाँधिने लक्ष्य हो। हाम्रो केवल एक जनामात्र नमुना हुनुहुन्छ जसको अनुसरण हामीले गर्नुपर्छ, त्यो हुनुहुन्छ येशू ख्रीष्ट। यदि येशूमा भएको र उहाँले सिकाउनुभएको सत्यलाई स्वीकारेर चल्यौं भने यस संसारमा राष्ट्रिय पूर्वाग्रह र ईषहरू सबै भत्किने थियो, र सत्यको आत्माले हाम्रा हृदयहरू एक भएर बुनिने थियो।

जब येशूले भन्नुभयो, "तिमीहरू मेरा साक्षीहरू हौ" (प्रेरित १:८), त्यसबेला उहाँको मनमा तीन भौगोलिक क्षेत्रहरू थिए:

**क्षेत्र १**: "तिमीहरू यरुशलेममा मेरा साक्षीहरू हुनेछौ।" त्यसबेला उहाँका चेलाहरू यरुशलेमको नजिक थियो। त्यसकारण येशूले भन्नुभएको कुरो यही थियो, "परमेश्वरसँगको तिमीहरूको अनुभव तिमीहरूको नजिकहरूसँग बाँड।" सुसमाचार सुनाउने मिसन घरबाट नै सुरु

हुन्छ, अनि परिवार, अनि छिमेकीहरू र साथीहरू। हामी सुससमाचार बोकेर पुग्नुपर्ने पहिलो थलो नै हाम्रा वरिपरिका मानिसहरू हुन्।

**क्षेत्र** २: अनि उहाँले सुनाउनुहुन्छः "सबै यहूदिया र सामरियामा।" हामीले सुनाउने सुसमाचारमा हाम्रो नजिक हुने र हामीबाट टाढा हुनेहरूलाई समावेश गर्नुपर्छ। यस वर्गका मानिसहरू हामीले बोलेकै भाषा बोल्छ होला वा हाम्रै संस्कारमा होला तर हाम्रो विश्वासको वास्तविकता तिनीहरूलाई थाहा नहोला। हाम्रो घर र छरछिमेकी भन्दा टाढा रहेकाहरूलाई सुसमाचार सुनाउने आदेश हो।

**क्षेत्र** ३: यो भन्दा बाहिर, ख्रीष्टले भन्नुहुन्छः "पृथ्वीको अन्त्य वा कुनाकाप्चामा।" सबै स्थानहरू, सबै राष्ट्रहरू, सबै वर्गहरू, सबै भाषाहरू र सबै जातिहरूमा परमेश्वरको सुसमाचार सुनाउने लक्ष्य हामीमा हुनुपर्दछ। यो नै हाम्रो मिसन वा लक्ष्यको आखिरी स्थान हो।

**चुनौतीः** *तपाईं रहनुभएको समुदायको निम्ति तपाईं हरेक दिन प्रार्थना गर्नुहोस्। परमेश्वरले तपाईंलाई निश्चित कारणको निम्ति तपाईंलाई त्यहाँ राख्नु भएको छ।*

**चुनौतीलाई अघि बढाउनः** *तपाईं रहनुभएको क्षेत्रका जाति र धार्मिक पृष्ठभूमिको बारेमा खोजनीति गर्नुहोस्। तिनीहरू बुढा, जवान, गरिब, धनी, विभिन्न जाति र भाषा आदिका होलान्। तिनीहरूको निम्ति तपाईं परमेश्वरको प्रेमको माध्यम कसरी बन्ने भनेर प्रार्थना गर्नुहोस्।*

**उपसंहार**

**थप जानकारीः** सारा राष्ट्रहरूमा साक्षी हुनु। कसरी साक्षी हुने? "प्रभुले नै भन्नुभएको छ, 'तिमीहरू संसारका ज्योति हौ,' त्यसको अर्थ उहाँले आफ्ना अनुयायीहरूलाई विश्व्यापी लक्ष्य सुम्पिनुभएको छ। जसरी सूर्यको किरण गोलार्धको प्रत्येक कुनाकाप्चामा पुग्छ, त्यसरी नै सुसमाचारको ज्योति पृथ्वीमा रहेको प्रत्येकमा पुग्नुपर्छ। यदि हाम्रो प्रभुको उद्देश्यलाई ख्रीष्टको चर्चले पूरा गरिरहेको छ भने अन्धकारमा बसिरहेका यस संसारको सबै कुनाकाप्चा र क्षेत्रहरू ज्योति पुग्ने थियो। विश्वासीहरू एक ठाउँमा रहेर आफ्ना जिम्मेवारीलाई पन्छाउने नभइ यदि चर्चका सदस्यहरूले क्रूसको भारि बोकिरहेको महसुस गरेको भए तिनीहरू जताततै छरिन्थ्यो र सबै मानिसहरूको मुक्तिको निम्ति काम गरिरहन्थ्यो, र राज्यको यो सुसमाचार द्रुतगतिमा सबै संसारमा फैलिन्थ्यो।

"सबै देशहरूबाट माकोडेनियाको आवाज घन्किरहेको छ, "हामीकहाँ आउनुहोस् र सहयता गर्नुहोस् ।" हाम्रो अगाडि परमेश्वरले धेरै क्षेत्रहरू खोलिदिनुभएको छ। स्वर्गका जीवहरू मानिसहरूसँग हातेमालो गरिरहेकाछन्। हाम्रो अगाडि परमेश्वर गइरहनुभएको छ र मानिसहरूको प्रयासमा परमेश्वरको शक्तिले काम गरिरहेको छ। परमेश्वरको काम नदेख्ने मानिसहरू अन्धा नै होला, सत्य गोठालोले आह्वान गर्नेभएको उहाँका भेँडाहरूले सुन्न नसकेकोले बहिरा नै होलान् । कसैले परमेश्वरको आह्वानलाई सुनेका छन् र त्यसै अनुसार चलेका छन् । पवित्र गरिएका प्रत्येक हृदयले जवाफ दिउन् । जीवन दिने सुसमाचार सुनाउन प्रयास गरियोस् । यदि नर र नारीहरू नम्र भएर परमेश्वरले दिनुभएको काम विश्वाससाथ गरे धेरै मानिसहरू सत्यतिर परिवर्तन हुन परमेश्वरको शक्तिले काम गर्नुहुन्थ्यो । तिनीहरूको प्रयासहरूका नतिजाहरू अचम्मै हुन्थ्यो हुनेछ ।"
-एलेन जी ह्वाइट, *द एडभेन्ट रिभ्यु एण्ड साबथ हेराल्ड*, नभेम्बर १४, १९१२।

**चिन्तनमननः**

अ. यदि हामी ख्रीष्टको शरीर हौं भन्दै हाम्रो जीवनद्वारा परमेश्वरको प्रेमलाई देखाउन सक्यौं भने समाजमा हाम्रो चर्च रहेको प्रभावकारी हुनेछ। हाम्रै जीवनद्वारा परमेश्वरको लक्ष्य पूरा गर्न अग्रसर हुनेछौं। यस चुनौतीलाई तपाईंले व्यक्तिगरूपमा कसरी जवाफ दिन सक्नुहुन्छ?

आ. एडभेन्टिस्ट नभएका छिमेकीहरूले तपाईंको चर्चलाई कसरी हेरिरहेकाछन् र बुझिरहेकाछन्? तपाईंलाई कसरी थाहा हुन्छ? यदि छिमेकीहरूले तपाईंको चर्चलाई सकारात्मकरूपमा हेर्छन् भने त्यसलाई अझ बढि सकारात्मक बनाउन तपाईंले के गर्न सक्नुहुन्छ? यदि तपाईंको चर्चलाई तिनीहरूले नकारात्मक दृष्टिकोणले हेर्छ भने त्यसालाई परिवर्तन गर्न तपाईंले के गर्न सक्नुहुन्छ?

इ. यस संसारमा पुऱ्याउने लक्ष्यमा "अनन्तको सुसमाचार"लाई केन्द्रविन्दुमा राख्नु किन धेरै महत्त्वपूर्ण छ। हामीमा भएको सुसमाचार आशा नहुने मानिसहरूलाई हामीले कसरी आखिरी आशा दिने? येशूले हामी सबैको निम्ति क्रूसमा के गर्नुभयो त्यो सुसमाचार बोकेर अरूहरूलाई कसरी आशा दिलाउने?

## कथा २

# शान्ति पाउन कब्जा गरिएको सालोमी

## क्यामारुन



सालोमीको अर्थ शान्ति हो। पश्चिम अफ्रिकाको क्यामारुन देशमा रहेकी एक युवतीको नाउँ सालोमी हो। तर उनको नाउँ सालोमी भएतापनि उनको जीवन अशान्ति नै अशान्तिले भरिएको थियो। उनी दुष्ट आत्माको कब्जामा थिइन्। त्यस दुष्ट आत्माले उनलाई सताएको सताएकै गरेको थियो। त्यसको अर्थ उनको किशोरी अवस्था अत्यन्तै सङ्घर्षमय थियो।

उनको जीवनमा दुष्ट आत्माले कहिले र कसरी सताउन थाले भन्ने कथा रोचक छ। उनी बेलुकीको स्कुलमा अध्ययन गर्थिन्। त्यस स्कूलको पढाइ सकेर विश्वविद्यालयमा जाने उनको चाहना थियो। उनी स्कुलमा जहिले पनि फर्स्ट हुन्थी। हाइस्कुल पछि विश्वविद्यालयमा उनले प्रवेश परीक्षा दिइन्। तर उनी असफल भइन्। उनी विश्वविद्यालयको प्रवेश परीक्षमा चार पटक फेल भइन्। उनी नाराज भएर कसकहाँ गएर सहायता पाउने कि भन्ने खोजमा एक दिन उनी क्यामरुनको राजधानी याउन्डेमा रहेको सेभेन्थ-डे हाइस्कूलको शिक्षककहाँ पुगिन् र उनीसँग सालोमीले सहायता मागिन्।

"बहिनी, म त केही गर्न सक्दिनँ, तर तिम्रो निम्ति प्रार्थना गर्न सक्छु," भनेर शिक्षकले आश्वासन दिए। त्यो कुरा सालोमीलाई मनपऱ्यो। तर शिक्षकले आफ्नो भनाइ टुङ्ग्याएको थिएन। "तिम्रो जीवन परमेश्वरको इच्छा अनुसार तालमेल हुनैपर्छ," शिक्षकले प्रस्ताव राखे। उनले हुन्छ त भनिन् तर उनी एडभेन्टिस्ट नभएतापनि इसाई भएकोले उनको जीवनमा खास केही परिवर्तन गर्नुपर्छ भनेर सोचिनन्।

केही दिन पछि सालोमी शिक्षकको अफिसमा गएर उनको निम्ति प्रार्थना गर्न अनुरोध गरिन्। शिक्षकले उनको अगाडि घुँडा टेकेर प्रार्थना गर्न थाले तब सालोमी चिच्याउन थालिन्। उनको मुखबाट अनौठो शब्दहरू निस्कन थाले र हात खुट्टा हल्लाएर कराउन र रुन थालिन्। शिक्षकले प्रार्थना

गर्दै रहे। अनि सालोमीको मुख बाट शिक्षक र परमेश्वरलाई गाली बेइज्जतका शब्दहरू निकालिन्। जब केही समय पछि सालोमी शान्त भइन् तब उनलाई के भएको थियो भनेर शिक्षकले सुनाए। त्यो सुनेर उनी चकित भइन्। के भयो केही पनि उनले याद गर्न सकिन। उनलाई दुष्ट आत्माले कब्जा गरेको थियो।

"तिमी प्रार्थना गर्नुपर्छ। निराश नहोऊ। सबै थोक परमेश्वरको चाहना अनुसार ठिक हुनेछ," शिक्षकले उनलाई सम्झाए।

त्यस दिनदेखि जब शिक्षकले उनको निम्ति प्रार्थना गर्न थाले तब दुष्ट आत्माले सालोमीलाई सताउन थाल्यो। उनी चिच्याइन् र परमेश्वरको गिल्ला गरिन्। आफ्नो घाँटी अँठ्याएर मर्न खोजिन्। कहिलेकाहीँ कोठामा मरेको मानिसको जस्तो दुर्गन्धले भर्न थाल्यो। तर शिक्षकले सालोमी ठिक नहुँञ्जेल प्रार्थना गर्दै रहे। जब उनी शान्त भइन् शिक्षकले उनलाई परमेश्वरको बारेमा सुनाउन थाले। आफ्नो जीवन बाइबल सम्मत नभएको सालोमीले महसुस गर्न थालिन्। उनले हप्ताको सातौँ दिनको बारेमा सिकिन्। उनी नैतिक र इमान्दारी हुनुपर्छ भन्ने ज्ञान पनि सिकिन्। केटो साथीसँग रहनु गलत र अनैतिक रहेछ भनेर उनले महसुस गरिन्। उनले आफ्नो जीवन परिवर्तन गर्न थालिन्। उनले आफ्नो केटो साथीलाई छोडेर साबथमा चर्चमा जान थालिन्।

अनि एक दिन सालोमीलाई घरमै दुष्ट आत्माले आक्रमण गऱ्यो। उनको टाउको बेस्सरी दुख्न थाल्यो। उनले एडभेन्टिस्ट साथीलाई सहयोगको निम्ति फोन गरिन्। जब साथीले उनलाई फोन गरिन् उनले फोन उचालिनन्। के भयो भनेर साथी सालोमीको घरमा आइन्। जब उनी सालोमीको कोठामा पसिन् तब उनले कुहिएको लासको गन्ध सुँघिन्। साथीले प्रार्थना गर्न थालिन्। उनलाई थाहा थियो कि सालोमीलाई औषधी र अस्पतालको आवश्यकता थिएन। उनलाई येशूको आवश्यकता थियो। सालोमीले हलचल गर्न सकिनन्। उनी त पक्षाघात पो भइन्। साथीले तीन घण्टासम्म लामो प्रार्थना गरिन्। अनि सालोमी फेरि ठिक भइन्।

जब सालोमी एक साबथ एडभेन्टिस्ट चर्चमा भाग लिइरहेकी थिइन् तब त्यहाँ पनि दुष्ट आत्माले उनलाई आक्रमण गर्न थाल्यो। त्यो दिन प्रभु भोजको समय थियो। एल्डरले रोटी बाँड्दै थियो तब सालोमी अचानक भुइँमा पछारिइन्। उनले आफ्नो घाँटी निमोठेर मर्न खोजिन्। त्यसबेला सबै मानिस तर्सिएर भाग्न थाले। अरूहरू प्रार्थना गर्न थाले र भजन गाउन थाले। कसैले

उनको घाँटीबाट हात फुट्कायो। उनले दाखरस भएको सिसाको कचौरा लिइन् र भुइँमा फ्याँकिन्। त्यो कचौरालाई फुटाएर आफूलाई काट्न खोजिन्। डिकनहरूले सालोमीलाई चर्चबाट बाहिर ल्याए।

तर जति जति सोलोमीलाई दुष्ट आत्माले हमला गरेको थियो त्यति त्यति परमेश्वरको इच्छामा तालमेल गरेर चल्न अडिग भइन्। उनले बाइबल अध्ययन पनि सुरु गरेकी थिइन्। जब बाइबल अध्ययन समाप्त भयो तब उनले आफ्नो हृदयलाई येशूलाई बप्तिस्माद्वारा सुम्पिने निर्णय गरिन्।

दुष्ट आत्माले उनलाई अन्तिम आक्रमण गऱ्यो। जब उनी बप्तिस्मा लिन पानीनिर आएकी थिइन् तब उनी जमिनमा पछारिन्। अदृश्य शक्तिले उनलाई पानीनिर जान रोक्न खोजेको जस्तो थियो। सालोमी दुष्ट आत्माको कब्जामा रहेको महसुस गरेर पानीमा पर्खिरहेका पास्टरले आफ्नो हात बढाएर उनलाई तान्न खोजे। दुष्ट आत्माको नियन्त्रणमा रहेकी सालोमी हात दिन मानिनन्। पास्टरले त्यसको वास्ता नगरेर उनलाई पानीमा ताने। जब सालोमीलाई पानीमा चुपाले तब उनले रिसले कड्किन थालिन्। पास्टरलाई थाहा थियो कि दुष्ट आत्माले उनले बप्तिस्मा लिन रोक्न खोजेको थियो।

जब सालोमी पानीबाट निस्किन् तब दुष्ट आत्माले उनलाई छोडेको थियो। उनी हर्षले भारविभोर भएर हाँसिन्।

बप्तिस्मा पछि दुष्ट आत्माले सालोमीलाई फेरि कहिल्यै पनि आक्रमण गरेन। तर जब उनले पाँचौ पटक विश्वविद्यालयको प्रवेश परीक्षामा भाग लिन पढिरहेकी थिइन् तब दुष्ट आत्माले उनी कहिल्यै पनि पास हुँदैन भनेर हतोत्साह गर्न खोज्यो। उनको जीवन असफल थियो र उनको जीवन सफल हुँदैन भनेर दुष्ट आत्माले उनलाई कानेखुशी गऱ्यो। सालोमी विश्वविद्यालयको प्रवेश परीक्षामा सफल भइन्।

आज सालोमी ३१ वर्षकी छिन् र उनी चर्चको डिकनेस छिन्। उनले एडभेन्टिस्ट हाइस्कुलमा पढाउँछिन्। त्यही स्कुलमा उनी अध्ययन गरेकी थिइन्। उनी चार पल्टसम्म विश्वविद्यालयको परीक्षामा असफल भएकोमा परमेश्वरलाई धन्यवाद दिन्छिन्।

"म विश्वविद्यालयको प्रवेश परीक्षमा असफल भएकोले नै प्रार्थनाको निम्ति मलाई परमेश्वरले डोऱ्याउनुभएको थियो। मभित्र दुष्ट आत्मा रहेछ भनेर मैले महसुस गर्न पाएँ। अनि उनीबाट छुट्कारा पाउन पनि परमेश्वरले अगुवाइ गरिरहनुभएको थियो," खुशी भएर सालोमीले यस लेखकलाई सुनाइन्।